# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १२ कार्यपालिकाबाट पारित मितिः २०७९।०५।२३

प्रमाणिकरणः२०७९।०५।२६

प्रकाशन मितिः २०७९।०५।२६

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

**प्रस्तावना :** नेपालको संविधान २०७२ अनुसार स्थानीय निकायहरुलाई दिएको शिक्षा, स्वास्थ्य लगायतको अधिकार र दायित्वको पालना गर्ने काममा यस ठाकुरबाबा नगरपालिकाको समग्र शिक्षालाई प्रभावकारी र गुणस्तरीय बनाउदै, सार्वजानिक अर्थात सरकारी आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षालाई निःशुल्क बनाउन बान्छनीय भएकाले ठाकुरबाबा नगरपालिकाको शिक्षा ऐन, २०७५ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगर कार्यपालिकाद्धारा यो कार्यविधी बनाई लागु गरिएको छ ।

**परिच्छेद १**

**(नाम र प्रारभ)**

१. **यस कार्यविधिको नाम** : अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि २०७९ रहेको छ।

२. **प्रारम्भ** : यो कार्यविधि ठाकुरबाबा नगर कार्यपालिकाबाट निर्णय भै राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

यस कार्यविधीको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहने छ ।

३. **परिभाषा** : विषय र प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा प्रयोग भएका देहायको शब्दको अर्थ देहाय बमोजिम हुनेछ ।

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

क) “कार्यविधि भन्नाले ”: ठाकुरबाबा नगर कार्यपालिकाबाट निर्णय भै लागु भएको “अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यन्वयन कार्यविधि २०७९” लाई सम्झनु पर्दछ। यस शब्दले कार्यपालिकाले बनाएका अन्य कार्यविधिलाई पनि जनाउन सक्नेछ।

ख) “सामुदायिक विद्यालय भन्नाले” समुदाय स्तरबाट स्थापना तथा संचालनमा ल्याई सरकारी अनुदानबाट संचालनमा आएका विद्यालय भन्ने सम्झनु पर्ने छ।

ग) “सस्थागत विद्यालय भन्नाले” व्यक्ति, समुह, सहकारी वा संघसस्थाको लगानीमा संचालित कम्पनी ऐन अन्तरगत नीजि तथा गुठीका रुपमा स्थापीत विद्यालय भन्ने सम्झनु पर्दछ।

घ) “विद्यालय व्यवस्थापन समिति -वि.व्य.स.) भन्नाले” विद्यालयको रेखदेख, संचालन, व्यवस्थापन, अनुगमन, स्रोत साधनको आपूर्ति व्यवस्थापन,समन्वय निर्णय र नियन्त्रण गर्न कानुन अनुसार अधिकार पाएको विद्यालयको समिति भन्ने बुझ्नु पर्दछ।

ङ) “शिक्षक अभिभावक संघ (शि.अ.स.) भन्नाले” विद्यालयको पठनपाठनमा सुधार शैक्षिक गुणस्तर प्रवर्धन, विद्यालय व्यवस्थापनमा सन्तुलन कायम गर्न र शिक्षक, अभिभावक र विद्यार्थी विच समन्वय र सहकार्य गर्न शिक्षक, अभिभावक को सहभागितामा गठन भएको समिति भन्ने सम्झनु पर्छ।

च) “प्रधानाध्यापक (प्र.अ.) भन्नाले” विद्यालयको समग्र शैक्षिक व्यवस्थापन आर्थिक, मानविय स्रोत, भौतिक,सामाजिक लगायत क्षेत्रको व्यवस्थापनको मूख्य जिम्मेवारी सहितको नेतृत्व को जिम्मा पाएको अग्रणी शिक्षक भन्ने संझनु पर्ने छ। यस शब्दले सस्थागत विद्यालयका प्रिन्सीपल तथा प्राचार्यहरुलाई समेत समेट्ने छ।

छ) “निशुल्क भन्नाले” : विद्यार्थी तथा अभिभावकको नाममा रकम तोकेर शुल्क लिने कार्य नगरिएको वा कुनै पनि प्रकारको शुल्क नलिएको अवस्था भन्ने जनाउँछ। साथै यस शब्दले ऐच्छिक तथा सहभागीतात्मक गतिविधिमा आफ्नो राजी खुसीले प्रदान गर्ने सहयोग रकम, चन्दा, दान, अनुदान लाई भने समेट्ने मानिने छैन।

ज) “ गुणस्तरीय शिक्षा भन्नाले” निर्धारित कक्षा, तह तथा उमेर समूहको व्यक्तिले तोकिएको लक्ष्य र उद्देश्य अनुसारको सिकाई पूरा गरि सिकाई उपलब्धि मापनमा ज्ञान, सीप, धारणा र व्यवहार राम्रो ठहर भएको शिक्षा भन्ने सम्झनु पर्नेछ।

ञ) “ अनिवार्य शिक्षा” अनिवार्य शिक्षा भन्नाले तोकेको उमेर समूह अर्थात तोकेको वर्गले तोकेको कक्षा सम्म अनिवार्य लिनै पर्ने शिक्षा अर्थात् स्वइच्छाले पढ्दिन, पढाउदिन भन्न नपाइने शिक्षालाई अनिवार्य शिक्षा भन्ने सम्झनु पर्ने छ।

ट) “सिकाई केन्द्र भन्नाले” विद्यालयको नियमित शिक्षाको कार्यक्रमबाट बाहिरी सकेका युवा तथा पौढहरुले जीवन प्रयन्त शिक्षाका रुपमा शिक्षा प्राप्त गर्ने स्थान अर्थात शिक्षा, स्वास्थ्य, सूचना कृषि, पशु, व्यापार-व्यावसाय, सहकारीता, वातावरण, संरक्षण विपद, यातायात, सूचना सञ्चार जस्ता अनेकन व्यक्तिका दैनिक जनजीवन सँग सम्बन्धित विषय क्षेत्रको ज्ञान प्रदान गर्न सहयोग समन्वय र सहजीकरण गर्ने सिकाईकेन्द्रहरु भन्ने सम्झनु पर्ने छ।

ठ) “बाल विकास केन्द्र भन्नाले” सहजै स्कुलमा गएर बस्न सक्ने तर विद्यालयको कक्षामा भर्ना भै नियमित पठन पाठन को क्रियाकलाप अर्थात् पढाईमा संलग्न हुने उमेर नभएका बालबालिकालाई विद्यालय जाने, सरसफाईमा बस्ने सामुहिक क्रियाकलापमा सरिक हुने बाल खेल तथा बालक्रियाकलापमा सरिक हुने जस्ता बानी विकास गराउने केन्द्रलाई बाल विकास केन्द्र अर्थात बालकक्षा भनि बुझ्नु पर्दछ।

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

ड) "अनुदान रकम भन्नाले" नेपाल सरकार संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकार अर्थात स्थानीय नीकायबाट निश्चित कार्य सम्पादन गर्न निश्चित उद्देश्यमा साथ प्रदान गरिने रकम भन्ने सम्झनु पर्छ । यस शब्दले विभिन्न दातृ संघ सस्था निकायले प्रदान गर्ने रकमलाई समेत जनाउँछ । त्यस्तो अनुदान नगद (बैकिङ्ग, कारोबारबाट) वा जीन्सी पनि हुनसक्छ सो सबैलाई जनाउँछ ।

ढ) "शिक्षा शाखा भन्नाले " : ठाकुरबाबा नगर कार्यपालिकाको कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखालाई जनाउँछ । भन्ने सम्झनुपर्ने छ ।

ण) "शिक्षा समिति भन्नाले " : ठाकुरबाबा नगर शिक्षा समिति भन्ने सम्झनु पर्ने छ ।

त) " नगर शिक्षा आयोग अर्थात शिक्षा कार्यदल भन्नाले" : ठाकुरबाबाको समग्र शिक्षा क्षेत्रको सुधारको लागि सुझाव दिन नगरपालिकाद्धारा गठन गरेको " शिक्षा आयोग अर्थात कार्यदल २०७९ " लाई सम्झनु पर्छ।

## परिच्छेद २

## उदेश्य तथा कार्य नीति/मूख्य कार्य दिशा

**४. उद्देश्य :** यस कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम रहने छ ।

क) सामुदायिक विद्यालय मार्फत प्रदान गर्ने निर्धारित नियमित तथा प्रचलित सरकारी सार्वजानिक शिक्षालाई निःशुल्क गर्ने

ख) निःशुल्क तथा अनिवार्य शिक्षा प्रदायक नगरपालिका घोषणाका आधारहरु तय गर्ने ।

ग) निर्धारित तथा प्रचलित नियमित सार्वजानिक सरकारी शिक्षा भन्दा अलिक फरक ढंगले अंग्रेजी माध्यमको शिक्षालय, व्यवसायीक तथा प्राविधिक धारको विद्यालयका रुपमा समेत शिक्षा प्रदान गर्न चाल्ने अभिभावकको लागत साझेदारीमा संचालन हुने गरि त्यस्ता विद्यालयको सेवा र लागत सहभागीताको प्रक्रिया उल्लेख गर्ने ।

घ) शिक्षामा सबैको पहुँच सुश्चित गर्दै सामुदायिक विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्ने ।

ङ) नगरपालिकाबाट विद्यालयमा जाने अनुदानको दर र प्रक्रिया निर्धारण गर्ने ।

च) निःशुल्क शिक्षा प्रदायक विद्यालयको भूमिका निर्धारण गर्ने ।

छ) प्रधानाध्यापक तथा शिक्षकहरुको कार्यको उपलब्धी मापन हुने गरि कार्य सम्पादन सम्झौताको आधार तय गर्ने ।

ज) विद्यालय शिक्षाको परीक्षा तथा मूल्याङ्कन व्यवस्थापन को ठोस आधार प्रदान गर्ने ।

झ) विद्यालयले प्रदान गर्ने सर्टिफिकेट, मार्कसिटहरुको निश्चित गुणस्तर निर्धारण गर्ने।

ञ) अनिवार्य, निःशुल्क शिक्षा लगायत सहभागीतात्मक शिक्षा विद्यालयले प्रदान गर्ने अतिरिक्त सुविधा लगायत विविध पक्षमा काम गर्न सहज मार्ग प्रदान गर्ने ।

**५. कार्यनीति** : यस कार्यविधि कायन्वयनमा तपसीलको कार्य नीतिहरु तय गरिने छ ।

क) संचालित कक्षा, तह, विद्यार्थी संख्या र शिक्षक कर्मचारीको अभाव आदिको आधारमा सञ्चालन, विद्यालय सञ्चालन खर्च र एकमुष्ट अन अनुदान दिइने ।

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

२) विद्यार्थी कम भएका विद्यालयबाट विद्यार्थी संख्या बढी भएको विद्यालयहरुमा दरबन्दी /अनुदान कोटा सहितको शिक्षक कर्मचारी सार्ने गरि दरबन्दी मिलान शिक्षक सरुवा तथा पदस्थापन गरिने ।

३. विगत ३ वर्ष भन्दा वढी समय देखि विद्यार्थी भर्ना भै विद्यार्थी वढ्न नसकेका र सञ्चालित १ देखि माथिको कक्षामा ६० जना विद्यार्थी पनि EMIS मा अभिलेखीकरण नभएका विद्यालयमा बालविकास केन्द्र मात्र बाँकी राखेर अन्य शिक्षक आवश्यक अन्य विद्यालयमा पदस्थापन गरिने ।

४. कक्षा १-१० मा परीक्षा लागत खर्च र विद्यार्थी बहिरगमन हुँदा बुझाउने चारित्रिक र स्थानान्तरण प्रमाणपत्र (सर्टिफिकेट) लागत सहयोग अभिभावकले सहयोग गर्ने गरि माध्यमिक विद्यालयको कक्षा १-१० मा अन्य कुनै पनि प्रकारको रकम उठान लिन नपाउने गरि माध्यमिक तह सम्म पूर्ण निःशुल्कताको घोषणा गरिने ।

५. कक्षा १ -८ लाई पूर्व निःशुल्क तथा अभिभावकले विद्यालय उमेर पुगेका बालबालिका घरमा वा काममा नलगाई कुनै पनि प्रकारको स्कुलमा अनिवार्य रुपमा भर्ना गराई आधारतह पूरा गराउनुपर्ने र स्कुल छाड्न दिन नहुने गरि अनिवार्य तथा निःशुल्क आधारभूत तह रहेको घोषणा गर्ने ।

६. संघिय सरकारबाट प्राप्त शिक्षक दरबन्दी, राहात, बालविकास स.का. विद्यालय कर्मचारीको तलव भत्ता, छात्रवृत्ति, दिवाखाजा, निशुल्क पाठ्यपुस्तक, प्रति विद्यार्थीका दरले बुककर्नर, लेखा परीक्षण, इन्टानेट खर्च, भौतिक निर्माण तथा व्यवस्थापन वापत प्राप्त हुने खर्च लगायतका खर्चहरु तोकेको नियम र प्रक्रिया अनुसार तोकेको समयमा उपलब्ध गराइने ।

७. विद्यालय शिक्षालाई आवश्यक पर्ने र अपुग जनशक्ति शिक्षक, कर्मचारी, सुपरीवेक्षक, प्रशिक्षकहरु नगर शिक्षक कर्मचारीको रुपमा नगर अनुदान कोटा निर्धारण गरि नगर कोषबाट खर्च व्यहोर्ने गरी व्यवस्थापन गरिने ।

(८) अंग्रेजी माध्यमको कक्षा/सेक्सन छुट्टै स्थानमा सेक्टर संचालन, कोचिङ्ग तथा अ तिरिक्त शिक्षण कार्यक्रम संचालन, कम्प्युटर शिक्षा संचालन, प्राविधिक धार तथा व्य कावसायिक धारको कक्षा संचालन, गरि रहेकाले १ महिना भित्र र गर्न चाहनेले यस पछि चाहेको शैक्षिक सत्र देखि उक्त कार्यक्रमहरु संचालन गर्ने योजना सहित अनुमति पत्र अनिवार्य रुपमा लिन लगाइने ।

(९) कार्ययोजनामा कार्यक्रम संचालनको आवश्यकता तथा औचित्य संचालन प्रकिया त्यसले दिने उपलब्धि, त्यसमा हुने सहभागी, विद्यार्थी, प्रशिक्षार्थीको अनुमानित संख्या त्यसमा खटिने जनशक्ति व्यवस्थापन, कार्यक्रम संचालनको लागि भौतिक पूर्वाधार र व्यवस्थापनको प्रवन्ध, त्यसमा लाग्ने खर्च र खर्च गर्ने प्रकिया खर्च गर्नेका लागि रकम प्राप्त हुने स्रोत, त्यसमा समूदाय तथा अभिभावकको स्वस्फूर्त, स्वाच्छिक सहभागिताको प्रकति अर्थात योगदान र त्यसले पार्ने सकारात्मक प्रभाव उल्लेख गरि पेश गर्न लगाइने र औचित्यपूर्ण ठहर भएका शिक्षा शाखा वा शिक्षा समितिबाट अनुमतिको निवेदन गरिने ।

(१०) अभिभावकको चाहना, समाजको माग र आवश्यकता वडा समितिको माग र सिफारिस एवं व्यवस्थापकिय क्षमताको आधारमा कुनै पनि विद्यालयलाई, अंग्रेजी माध्यम, विद्यालय समायोजन तथा एकिकरण, विशेष कक्षा विद्यालय संचालन, सिकाइ केद्र संचालन, बाल विकास केद्र संचालन, प्राविधिक तथा व्यवसायिक शिक्षा अर्थात तालिम संचालनको अनुमति प्रस्तावित कार्ययोजनाको आधारमा संचालन गरिने

(११) विद्यालयको निश्चित सेवा क्षेत्र निर्धारण गरेर सेवा क्षेत्र भित्रका घर धुरिबाट विद्यालय उमेर समूहका बालबालिकाको विद्यालय शिक्षामा पहुच भए नभएको सुनिश्चित गरि ९६% भन्दा बढी भर्ना भैसकेको सुनिश्चित भएमा विद्यालय क्षेत्र बाहिर बालबालिका नरहेको र सबैको पहुच विद्यालय शिक्षामा भएको घोषणा गरिने ।

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

(१२) समुदाय परिचालनका लागि अथवा अभिभावक शिक्षाका लागि सामुदायिक परिचालन स्वयंसेवकहरु कक्षा ११ र १२ मा पढ्ने विद्यार्थी तथा क्याम्पस स्तरका विद्यार्थीबाट परिचालन गर्ने रणनीति तय गरिने ।

(१३) प्रधानाध्यापक, शिक्षक र विद्यालय कर्मचारीलाई वार्षिक कार्य उपलब्धि मापन हुने गरी करार सम्झौतामा हस्ताक्षर गराइ पेश र जिम्मेवारी प्रति  जिम्मेवार बनाइने ।

(१४) विद्यालयले लिने आन्तरिक, परिक्षा, एकाइ परिक्षा, प्रयोगात्मक परिक्षा विस्तार मूल्याङ्कन गरि अभिलेखनद्धारा अक्षराङ्क पछत्तरमा ढाल्ने मूल्याङकन एकिकृत पाठ्यक्रम अनुरुप शिक्षण, मूल्याङ्कन आदिलाई विवद्यालय स्तरबाट नियमित निरन्तर संचालन, व्यवस्थापन र अभिलेख गर्ने र वार्षिक परीक्षालाई स्तरीकृत परीक्षाका रुपमा नगर परीक्षा वोर्ड र नगर परीक्षा तथा मूल्याङ्कन  समितिले व्यवस्थित गर्ने गरि परीक्षा तथा मूल्याङ्कनमा समय सापेक्ष सुधार गरीने ।

(१५) विद्यालयले विद्यार्थी भर्ना गर्दा अनिवार्य रुपमा स्थानस्तरण प्रमाणपत्र र मार्कसित लिएर र प्रवेश परीक्षा लिएर भर्ना गर्ने र विद्यार्थीले विद्यालय छाड्दा तोकेको लागत खर्चमा अभिभभावकको सहभागिता गराइ सर्टिफिकेट मागेको २४ घण्टा भित्र दिइसक्नु पर्ने प्रावधान कडाइका साथ लागू गरिने र सो नगर्ने विद्यालय तथा प्रधानाध्यापकलाई कारबाही गरिने ।

(१६) विद्यालयले अतिरिक्त कियाकलापहरु संचालन गर्नुपर्ने र नगरपालिकाले खटाएको घुम्ति  प्रकृतिको शिक्षक, प्रशिक्षक, कर्मचारीको सहयोगमा सदुपयोग गर्नुपर्ने व्यवस्था गरिने ।

(१७) विद्यलय सुपरिवेक्षण गर्न विद्यलय सुपरिवेक्षकलाई खटाइने, सुपरिवेक्षकले विद्यालयको शिक्षण सिकाइ, योजना र व्यवस्थापनमा परेको समस्या तथा जटिलता समाधन गर्न सहयोग गर्नुपर्ने र सुपरीवेक्षकले मागेको विवरण दिनु र सुपरिवेक्षकको सुझाव कार्यन्वयन गर्नु प्र.अ., शिक्षक र विद्यालयको कर्तव्य हुने प्रवन्ध गरिने ।

(१८) हरेक विद्यालयले गर्नुपर्ने न्यूनतम उत्तरदायित्व सहितको तहगत रुपमा सम्पन्न गर्ने कार्यहरु शिक्षा आयोग/शिक्षा कार्यदल २०७९ को सिफारिस अनुसार रहने ।

(१९) अनाथ, बेसाहारा, अलपत्रमा परेका, अभिभावक विहिन बालबालिकाको लागि एकजना प्रा. वि. स्तरको शिक्षक र एकजना विद्यालय कर्मचारी २ जना अनिवार्य रहने र ३० भन्दा बढी विद्यार्थी संख्याको आधारमा शिक्षक थपिदैं जानेगरि शिक्षक-विद्यार्थी अनुपातमा शिक्षक व्यवस्थापन गरि विशेष विद्यालय संचालन गरिने र यस्ता विद्यालयमा १०-४ बाहेक अतिरिक्त समय समेत काम गर्ने जनशक्तिले थप प्रोत्साह भत्ता शिक्षा समितिले तोके अनुसारले उपलब्ध गराइने ।

(२०) राम्रो गर्ने शिक्षक, कर्मचारी, प्रधानाध्यापकलाई निजले पाउने तलवको १% देखि १०% सम्म प्रोत्साहन भत्ता कार्य प्रगती उपलब्धि मूल्याङ्कको प्राप्ताङ्कको आधारमा उपलब्ध गराइने ।

(२१) शिक्षक शाखाको अनुमति नलिई तथा विद्यालय व्यवस्थापन समितिले शिक्षक, कर्मचारी अर्थात मानवीय स्रोत व्यवस्थापन कार्य विधि पास गरेर शिक्षा शाखाको अनुमति नलिई नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकारबाट निर्धारण भएको तलब भत्ता सुविधा बाहेक बढी हुने गरी वि.व्य.स को निर्णय वा विद्यालयको निर्णयको आधारमा मात्र थप सुविधा प्रदान गर्ने छुट विद्यालयलाई नरहने तर पुरस्कार, उत्प्रेरणा स्वरुप दिएको रकमलाई भने छुट रहने ।

(२२) हरेक विद्यालयले विद्यालयको प्रशासनिक तथा आर्थिक व्यवस्थापन र शैक्षिक व्यवस्थान लगायत विद्यालय सु-संचालन सम्बन्धी कार्यविधिहरु बनाई स्विकृति लिएर लागू गरी सोही अनुसार गर्नु गराउनु पर्ने  ।

(२३) विद्यालयमा संरक्षण, अधिकार निति, आचारसहिताहरु, गुनासो व्यवस्थापन अधिकारी सहितको सयन्त्र, सूचना अधिकारी, सहायक प्र.अ. तहगत इन्चार्ज सेक्टर प्रमुख र शिक्षकलाई न्यूनतम १ जिम्मेवारी निर्धारण भै सोही अनुसार कार्य सम्पादन गरेको हुनुपर्ने ।

(२४) एक विद्यालय एक विशेषता, एक शिक्षक न्यूनतम एक अतिरिक्त जिम्मेवारी एक विद्यार्थी न्यूनतम १ प्रतिमा पहिचान, एक अभिभावक एक सहयोग जस्ता जिम्मेवारी र उपलब्धि पूर्ण कार्यहरु थालनी गर्ने ।

(२५) विद्यालयमा समितिको गठन, सामाजिक परीक्षण, लेखा परीक्षण आय/व्यय को सार्वजनिकीकरण, निर्माण कार्यको अन्त्यमा सार्वजनिक सुनवाइ जस्ता कार्यहरु गराइने ।

(२६) विद्यालयलाई आधुनिक कम्प्यूटर सूचना प्रविधिसँग जोडेर ढड्डालेस प्रविधि युक्त विद्यालय बनाइने ।

(२७) शिक्षले योजना, शैक्षिक सामाग्री र प्रयोगशालाहरुको अधिकतम र अनिवार्य प्रयोग गरी व्यवहारीक र ठोस ज्ञान, सीप धारणा प्रदान गर्ने मार्ग अवलम्बन गर्नुपर्ने व्यवस्था गराइने ।

(२८) विद्यालयहरुमा आवश्यकताका आधारमा यातायात साधन बस लगायत,विभिन्न ल्याव, भौतिक संरचना, सामाग्रीहरुको क्रमशः थप प्रबन्ध गर्दै लगिने ।

(२९) संस्थागत विद्यालयको सेवा र अभिभावकबाट लिने शुल्कको तुलना गरी लगानी अनुसारको उपलब्धि दिनुपर्ने व्यवस्था गराइने ।

(३०) आवश्यकताका आधारमा संस्थागत विद्यालयको नियमित सुपरिवेक्षण, सहयोग, मूल्याङ्कन, नियन्त्रण गरिने ।

(३१) संस्थागत विद्यालयको लगानीको कदर गर्दै भौतिक मानविय स्रोत, शैक्षणिक र व्यवस्थापनको सवलोकरणको लागि आवश्यक सहयोग र सहकार्य गर्ने वातावरण तयार गरि संस्थागत विद्यालयको उत्पादनलाई अझ गुणस्तरीय बनाउन सघाइने ।

## परिच्छेद-३
## (संचालन/व्यवस्थापन र अनुदान प्रकिया)

(६) निःशुल्क तथा अनिवार्य गुणस्तरीय शिक्षा कार्यन्वय गर्नका लागि विद्यालयले विद्यर्थी.तथा विद्यार्थीका अभिभावकसँग विभिन्न शिर्षकमा लिदैं आएको सहयोग रकमहरु लिन नपाउने गरि उक्त रकम लिएर विद्यालयले आफ्नो आन्तरिक स्रोतबाट व्यवस्थापन गर्दै आएको संचार, यातायात, ढुवानी, कक्षा व्यवस्थापन,सरसफाइ, पिउने पानी मर्मत सम्भार, विद्युत् पंखा,बत्ती,शिक्षकको अतिरिक्त कार्य सम्पादन भत्ता सुविधा, बैठक, भेला संचालन, अतिरिक्त क्रियाकलाप, पुरस्कार लगायतका क्षेत्रमा खर्चको काम गर्न नगरपालिकाको कोषबाट तपसील अनुसार अनुदान प्रदान गर्न सकिने छ ।

तपशिल

| क्र.सं | तह/कक्षा | दर | संख्या(कक्षा तथा सेक्सन संख्या) | प्राप्त हुने अनुदान रकम | प्रदान गर्ने प्रक्रिया |
|---|---|---|---|---|---|
| १. | आधारभूत तह (प्राथमिक) कक्षा १-५ लाई | प्रतिकक्षा रु.१२०००।- बाह्र हजार | (१) ४० जना सम्म विद्यार्थी भएमा एक सेक्सन सो भन्दा बढी भएमा सोही संख्याको दरमा सेक्सन<br>(२) अंग्रेजी माध्यम र स्थानिय भाषाको छुट्टै कक्षा भएमा छुट्टै सेक्सन | ±अंग्रेजी माध्यम कक्षा +सेक्सन वर्ग कक्षहरु × १२००० कोदरले | विद्यालयको EMIS तथा विद्यार्थी प्रमाणित पत्र र माग फारमको आधारमा वार्षिक एकमुष्ट अनुदान |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | आधारभूत तह - निम्न माध्यमिक कक्षा ६-८ | प्रतिकक्षा रु ३०००० तिह हजार | १. ४० जना सम्म विद्यार्थी भएमा एक सेक्सन र सो भन्दा बढी भएमा बढी भएमा सोही दरमा खोलिएका सेक्सन वर्गको आधारमा<br>२. अंग्रेजी माध्यममा छुट्टै कक्षा सञ्चालित भएको छुट्टै सेक्सन | कक्षा + थप सेक्सन+ अंग्रेजी माध्यमको कक्षा गरी जम्मा हुने कक्षा सेक्सन × प्रति सेक्सन रु.३००००।- | विद्यालयको EMIS तथा विद्यार्थी प्रमाणित पत्र र माग फारमको आधारमा वार्षिक एकमुष्ट अनुदान |
| ३ | माध्यमिक तह - (कक्षा ९-१०) | प्रति कक्षा रु. ५०,०००।- | १. ४० जना सम्म विद्यार्थी भएमा एक सेक्सन र सो भन्दा बढी भएमा बढी भएमा सोही दरमा खोलिएका सेक्सन वर्गको आधारमा<br>२. अंग्रेजी माध्यममा छुट्टै कक्षा सञ्चालित भएको छुट्टै सेक्सन | कक्षा + थप सेक्सन + अंग्रेजी माध्यमको कक्षा गरी जम्मा हुने कक्षा सेक्सन × प्रतिसेक्सन ५० हजार | १. ४० जना सम्म विद्यार्थी भएमा एक सेक्सन र सो भन्दा बढी भएमा बढी भएमा सोही दरमा खोलिएका सेक्सन वर्गको आधारमा<br>२. अंग्रेजी माध्यममा छुट्टै कक्षा सञ्चालित भएको छुट्टै सेक्सन |
| ४ | माध्यमिक तह - कक्षा( ११ र १२) | प्रतिकक्षा रु. १०००००।- एक लाख | कक्षा ११ मात्र चलेको भए रु.१०००००( एक लाख) र ११ र १२ दुवै चलेको लाई रु.२०००००।-(दुई लाख) | कक्षा ११ र १२ कुन कुन कक्षा संचालन मा आएको र अंग्रेजी र नेपाली कुन कुन माध्यमको कक्षा रहेको र कति वटा फरक विषय पढाई भएको विवरण प्राप्तीको आधारमा कक्षा × १०००००।- एक लाख | १. ४० जना सम्म विद्यार्थी भएमा एक सेक्सन र सो भन्दा बढी भएमा बढी भएमा सोही दरमा खोलिएका सेक्सन वर्गको आधारमा<br>२. अंग्रेजी माध्यममा छुट्टै कक्षा सञ्चालित भएको छुट्टै सेक्सन |

(७) रकम भुक्तानी गर्नु पूर्व संचालित कक्षा, संचालन आएका सेक्सन (वर्ग) अंग्रेजी माध्यम, स्थानीय मातृभाषाको माध्यम कक्षा, विद्यार्थी संख्या कक्षामा खटाएको शिक्षक खट्न तालिका टाइम टेबल समेत शिक्षा शाखाको शाखा अधिकृत, प्रा.स. वा शिक्षा शाखाबाट खटिने सुपरिवेक्षक मध्ये एकजनाले स्थलगत अनुगमन गरि प्रमाणित हुनुपर्नेद।

८. विद्यालयमा ठाकुरबाबा नगरपालिकाले निःशुल्क अनिवार्य शिक्षा कार्यका कार्यन्वयका लागि दिने आर्थिक सहायता अनुदान रकम अनूसुची एक (१) को -क), (ख),(ग), र (घ) को प्रावधान अनुसार हुनेछ ।

९. ठाकुरबाबा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाबाट कार्यन्वयन हुने शिक्षा क्षेत्रका कार्यक्रम अन्तरगत संघ र प्रदेशको बजेट अन्तरगत तपसील अनुसारका क्षेत्रमा खर्च गर्ने गरि विद्यालयको कोषमा रकम पढाइने वा नगरपालिकाबाट खर्च व्यवस्थापन गरि सर्वशुल्भ निः शुल्क गुणस्तरीय शिक्षा प्रदायक सामुदायिक विद्यालय बनाइने ।

**तपशिल**

(क) दरबन्दी स्थायी र अस्थायी शिक्षकको तलब भत्ता, पोशाक लगायतको खर्च

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि २०७९

(ख) राहत अनुदान कोटाको शिक्षकको भत्ता, तलब, पोसाक, लगायत खर्च
(ग) शिक्षक विद्यार्थी अनुपात, निम्न माध्यमिक तह कक्षा ६-८ र माध्यमिकतह कक्षा ९-१२ मा विषयगत अनुपातमा शिक्षक अभाव भएका विद्यालयलाई दिइने नगर शिक्षक अनुदानका शिक्षकको तलब, भत्ता र पोशाक खर्च बापत नगरपालिका कोषबाट दिइने अनुदान रकम
(घ) विद्यालय कर्मचारी -मा.वि. तहमा लेखा प्रशासन सहयोगी र कार्यलय सहयोगी गरि २ जना) र आधारभूत तहमा कार्यलय सहयोगी १जना, सिकाइ केन्द्रहरुमा कार्यलय सहयोगी १/१ जना, सेक्टर चलेका विद्यालयहरुमा कार्यलय सहयोगी १/१ जनाको संघ/प्रदेशबाट प्राप्त अनुदान र नगरपालिका कोषबाट थप गरि दिने अनुदान रकमहरु
(ङ) बाल विकास सहयोगी कार्यकर्ता (शिक्षक) को लागि संघ/प्रदेशबाट थप गरि दिने अनुदान सहितको रकमहरु
(च) विद्यार्थीको पढ्ने किताब अर्थात पाठ्यपुस्तक खरिद गर्न तोकिएको दर र तोकिएको संख्याको पाठ्यपुस्तक खरिद अनुदान
(छ) तोकिएका विद्यार्थीलाई तोकिएको दरमा वितरण गर्ने छात्रवृति अनुदान
(ज) तोकिएको कक्षाको तोकिएको दरमा विद्यार्थीको उपस्थितिको आधारमा दिवाखाजा बापत अनुदान
(झ) तोकिएको कक्षाको तोकिएको दरमा कक्षा व्यवस्थापन, शैक्षिक सामाग्री व्यवस्थापक तथा बुक कर्नर बापतको अनुदान
(ञ) लेखा परिक्षण व्यवस्थापन सहयोग अनुदान
(ट) इन्टरनेट जडान तथा शुल्क भुक्तानी गर्न अनुदान रकम
(ठ) प्रारम्भिक कक्षा पढाइको मूल्याङ्कन, एकिकृत पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन सामाग्री वा अनुदान
(ड) तहगत रुपमा बोर्ड, बोर्ड मार्कर, रजिस्टर, कागज आदिका लागि प्रति विद्यालय तहगत संचालनका आधारमा प्रदान गर्ने प्रशासनिक खर्च एकमुष्ट अनुदान
(ढ) कक्षा ५ र ८ को स्तरीकृत नगरपालिका स्तरीय अन्तिम वार्षिक परिक्षा संचालन, व्यवस्थापक गर्न संघिय बजेट तथा नगरपालिका कोषबाट खर्च हुने रकमहरुको वस्तुगत खर्च
(ण) फूलकारी तथा विद्यालय हरियाली कार्यक्रम अन्तरगत प्रति विद्यालयलाई नगरपालिका कोषबाट दिइने खर्च अनुदान
(त) विद्यालयको मर्मत सुधार तथा सिर्जनात्मक कार्यका लागि प्रस्तावनाको आधारमा प्रस्तावना स्विकृति गरी नगर शिक्षा कोषबाट प्रदान गर्ने रकम
(थ) विद्यालय अभिभावक शिक्षा, ट्राफिक नियम सचेतना, स्काउत तथा अतिरिक्त क्रियाकलाप गर्ने बाल क्लब जु.रे.स. को कार्यक्रम संचालन सहयोग अनुदान रकम नगरपालिका कोषबाट खर्च व्यहोर्ने
(द) विद्यालयको निरीक्षक, अनुगमन ,सुपरीवेक्षणका लागि नगरपालिका कोषबाट खर्च गरिने रकम र शिक्षक, कर्मचारी अभिभावक तालिममा खर्च हुने रकम लगायत स्थानीय पाठ्यक्रम, स्रोत सामाग्री, शैक्षिक क्यालेन्डर, योजनाहरुको उपलब्धता
(ध) लुम्बिनी प्रदेश मूख्य मन्त्री शैक्षिक सुधार कार्यक्रमबाट प्राप्त हुने बजेटको खर्च अनुदान वा वस्तुगत सहयोग
(न) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट प्राप्त हुने बजेटको खर्च अनुदान वा वस्तुगत सहयोग
(प) विभिन्न साझेदार संघ, संस्था,निकायले संचालन गर्ने तालिम, क्षमता विकास, नीति निर्माण, भौतिक सहयोग, लैङ्गिक व्यवस्थाप, अपाङ्ग, सहयोग, बालअधिकार तथा बाल संरक्षण, बस स्टेसन सम्बन्धि सहयोगहरु
(फ) महिनावारी हुने छात्राहरुलाई महिना व्यवस्थापन तथा सेनेटरी प्याड व्यवस्थापन खर्च वा विद्यालयलाई प्रदान
(ब) नगरपालिका कोषबाट प्र.अ. का लागि थप भत्ता व्यवस्थापन अनुदान
(भ) खेलकुद व्यवस्थापन तथा रनिङ्ग सिल्ड आयोजना खर्च आदि अन्य यस्तै खर्चहरु
(म) विद्यालयको भवन, कक्षा कोठा, शौचालय, खानेपानी, मेसजाली वा पर्खाल गेट चौर एवं खेलमैदान निर्माणका लागि स्विकृत निर्माण योजनाका आधारमा निर्माण अनुदान रकमहरु

ठाकुरबाबा नगरपालिका अनिवार्य तथा निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

(य) विद्यालयलाई सिकाई सामाग्री युक्त विद्यालय बनाउन, विज्ञान प्रयोगशाला , कम्प्युटर, सूचना, प्रविधि(ICT) ल्याप, पुस्ताकालय र अन्य विषयगत प्रयोगशाला स्थापना गर्न प्रदान गरिने अनुदान रकमहरु

(र) महिनावारी व्यवस्थापन कक्ष, प्राथमिक उपचार कक्ष, विश्राम कक्ष, खाजा घर आदि निर्माणमा संघ संस्था वडा कार्यालयको समेत सहयोग

(ल) विपद व्यवस्थापन पूर्वतयारी योजना, ज्ञान सहितको सामाग्रीका लागि र बालबालिका, अपाङ्ग, दलित, जनजाती तथा खेलाडीका लागि संघ संस्था निकाय र वडा कार्यालयको समेत सहयोग

(व) स्कूल बस तथा यातायात साधनको खरिद र व्यवस्थापनमा उपलब्ध गराउने अनुदानहरु

१०. नेपाल सरकारले पनि निः शुल्क शिक्षा अन्तरगत समेत केहि मात्रामा विद्यार्थी तथा अभिभावक संलग्नता रकम जस्तै रजिस्ट्रेसन शुल्क, परिक्षा शुल्क लिइ रहेकाले यस नगरपालिका अन्तर्गतका सामूदायिक विद्यालयले निःशुल्क तथा अनिवार्य शिक्षा कार्यक्रमलाई असर नपर्ने गरी नगर स्तरीय परीक्षा तथा मूल्याङ्कन समितिको निर्णयले परीक्षामा मितव्ययी रुपमा गर्नुपर्ने न्यूनतम लागत खर्च मात्र हुने गरी अर्धवार्षिक र वार्षिक परीक्षा खर्च बापत रकम लिने र त्यसैबाट परीक्षा कार्यक्रम संचालन गर्ने गर्न सक्नेछ ।

११. कक्षा ५र८ मा विद्यार्थी विवरण प्रविष्ट गर्ने अर्थात रजिस्ट्रेसन गर्ने र परिक्षा संचालन गर्ने प्रयोजनका लागि परीक्षा बोर्डले न्यूनतम परीक्षा खर्च अभिभावक अर्थात विद्यार्थीबाट संचालन सहयोग रकम स्वरुप लिनर उठाउन सक्ने छ ।

१२. कक्षा ५ र ८ को मार्कसीत ठाकुरबाबा न.पा. शिक्षा युवा तथा खेलकुद शाखाबाट पहिलो पटकलाई निःशुल्क उपलब्ध गराइने छ भने कुनै विवरण सच्याएर पुनः झिक्न परेमा वा हराएर वा अन्य कारणले अर्को प्रति फेरी झिक्न परेमा प्रति मार्गसिट २@%).– दुई सय पचास न.पा.लाई राजस्व तिर्नुपर्नेछ ।

१३. विद्यार्थी तथा अभिभावकले विद्यालयले मागेको विवरण समयमा नै उपलब्ध गराउनुपर्ने छ । विद्यार्थी तथा अभिभावकले सहि विवरण दिदा दिदै लेख्दा अशुद्ध लेखि दिने, नाम, विवरण र मिति तिथी फरक पारेर लेखि दिने वा कम्प्युटर इन्ट्री गर्दा विवरण इन्ट्री गरिदिने त्यस्ता शिक्षक वा विद्यालय कर्मचारी तथा कक्षा शिक्षकले नै विद्यार्थीको विवरण गलत भै पुन सर्टिफिकेट वा मार्कसिट झिक्नु पर्दा लाग्ने दस्तुर तिर्नू पर्ने छ ।

१४. विद्यालयले विद्यार्थीले विद्यालय छाड्दा पाउनुपर्ने चारित्रीक र स्थानान्तरण प्रमाण पत्र (सर्टिफिकेट) विद्यार्थीले निवेदन दिई मागेको २४ घन्टा भित्र उपलब्ध गराउनु पर्ने छ । यसरी सर्टिफिकेट उपलब्ध गराउदा तपसीलको विद्यालय सहयोग रकम मात्र लिन पाइने छ ।

**<u>तपशिल</u>**

क) आधारभूत तह कक्षा २-५ को लागि प्रति व्यक्ति रु.२००।-

ख) आधारभूत तह कक्षा ६-८ को लागि प्रति विद्यार्थी रु.७५०।-

ग) माध्यमिक विद्यालय कक्षा ९ र १० को लागि प्रति विद्यार्थी रु.७५०।-

घ) माध्यमिक तह कक्षा ११ र १२ को लागि विद्यार्थी रु.१०००।-

१५. विद्यालयले पहिलो पटक उपलब्ध गराउने सीफारिस, विवरण प्रमाणित मार्कसिट लगायतका सेवाहरुमा कुनै पनि शुल्क वा सहयोग रकम लिन पाउने छैन तर पहिलो पटक लगेको हराएमा वा अन्य कारणले

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि २०७९

पुनः लिन आउनु परेमा यसरी दोस्रो पटक वा पटक/पटक सेवाको झन्झटमा नपारुन भन्नाका लागि रु.१००।- एक सय सम्म विद्यालय सहयोग दस्तुर लिन सक्नेछ ।

१७. निःशुल्क तथा अनिवार्य गुणस्तरीय शिक्षा घोषणा कार्यकम गर्दा पनि विद्यालयमा आम्दानी हुन आउने केहि रकमहरु अर्थात विद्यालय सहयोग रकम उठेको ३ दिन भित्र विद्यालय कोषमा जम्मा गरि सम्नुपर्ने छ । नगदमा उठाइ नगरबाट खर्च गर्न पाइने छैन

१८. विद्यार्थी आफु र आफुहरुकै पहलमा गर्ने शैक्षिक भ्रमण, क्लिनिक, सास्कृतिक कार्यक्रम, खेलकुद कार्यक्रममा आफु आफु मिलेर गर्ने खर्च बाहेक विद्यालयले कुनै पनि नाम र बाहानामा विद्यार्थीबाट रकम उठाएमा सो दण्डनिय ठहर हुनेछ ।

१९. अंग्रेजी माध्यममा छुट्टै व्यवस्थापन गरेर अंग्रेजी माध्यममा पढाउने नीजि स्रोतबाट छुट्टै शिक्षक व्यवस्थापन गरेको सामुदायिक विद्यालयमा थप समयको शिक्षण, अतिरिक्त शिक्षण, विद्यार्थीका अनुशासन लगायत पक्षको नियमित अनुगमन निरीक्षण र पृष्टपोषण, निरन्तर परामर्श सेवा प्रदान, बस तथा यातायात सेवाबाट विद्यार्थी ओसार पसार गर्दा लाग्ने अतिरिक्त खर्च रकम त्यस्तो शिक्षा लिन विद्यार्थीका अभिभावकको त्यस्तो लागत खर्चमा सहभागीता वापत हुने सहयोग रकम लिई अंग्रेजी माध्यमको गुणस्तरीय र प्रभावकारी शिक्षा प्रदान गर्न सकिने छ । तर यसरी अभिभावक सँग रकम के कति कसरी लिने भन्ने सम्बन्धमा गरिने निर्णयमा वि.व्य.स. ले शिक्षा युवा तथा खेलकुद शखाको शिक्षा अधिकारी वा सुपरीवेक्षण वा शिक्षा अधिकारले कार्यालयबाट तोकि पठाएको व्यक्ति र वडा सचिवको समेत अनिवार्य उपस्थिति भै न्यूनतम लागत खर्च मात्र निर्धारण भएको हुनुपर्ने छ ।

२०. अंग्रेजी माध्यममा छुट्टै व्यवस्थापन गरेका शिक्षक कर्मचारीको तलव सुविधा र यातायता साधनको खर्च नगरपालकाबाट उपलब्ध भएको खण्डमा भने अंग्रेजी माध्यमका यस्ता कक्षाहरु समेत पूर्णरुपमा निःशुल्क हुनेछ ।

## परिच्छेद : ४
## (प्रशासनिक तथा पेशागत दायित्व र भूमिका )

२१. हरेक वर्ष शैक्षिक सत्र सुरु भएको मिति ले ४५ दिन भित्र प्रधानाध्यापकले आफुले विद्यालयमा त्यस शैक्षिक सत्रमा सम्पादन गर्नुपर्ने ठहर भएका कार्यकहरुको सूची सहित अनुसूची ३ को दाचामा कार्यसम्पादन करार सम्झौता २ प्रति तयार पारेर हस्ताक्षर सहित शिक्षाशाखामा पेश गर्नुपर्ने छ । शिक्षा शाखाले त्यस्तो करार सम्झौतामा आवश्यक बुदा थपघट गरि प्र.अ. लाई करार सम्झौता का लागि ७ दिन भित्र सम्झौता गरि सक्नुपर्ने छ ।

२२.नियम २१ मा जे सुकै लेखिएको भएपनि पहिलो वर्षको हकमा यो कार्यविधिलागु भएको ३० दिन भित्र करार सम्झौता गरि सक्नुपर्ने छ ।

२३. विद्यालयमा नियुक्ति हुने सबै प्रकारका शिक्षक कर्मचारीलाई तिनीहरु ले दैनिक, साप्तहिक, मासिक र वार्षिक रुपमा सम्पादन गर्नुपर्ने कार्यहरु सहितको सेवा सुविधा सचेतनामा तयार पारेर सम्बन्धित शिक्षक कर्मचारी र प्र.अ.ले हस्ताक्षर गरि १/१ प्रति व्यक्तिगत फायलमा शिक्षकसँग र प्र.अ.सँग सुरक्षित राख्नु पर्दछ ।

२४. प्र.अ.ले शिक्षा शाखा सँग करार सम्झौता गरेर आएको ७ दिन भित्र विद्यालयका सबै शिक्षक कर्मचारीले त्यसवर्ष सम्पादन गर्ने कार्य र दिन सक्ने सिकाई उपलब्धी वृद्धि, उत्तीर्ण प्रतिसतमा वृद्धि कम्तिमा एउटा अतिरिक्त जिम्मेवारी सम्पादन , परीक्षा , मूल्याङ्कन र अभिलेखन अनुशासन व्यवस्थापन लगायतका क्षेत्र समेटी अनुसूची ४ को ढाँचामा प्र.अ. र शिक्षक विच करार सम्झौता गर्नुपर्ने ।

२५. तोकेको कक्षामा तोकेको विषयको न्यूनतम उर्त्तीण प्रतिसत कायम रहने र तोकेको औषत सिकाई उपलब्धी प्राप्त हुने गरि शिक्षक सिकाई कार्य (पढाउने कार्य) गर्नु हरेक शिक्षकको दायित्व हुनेछ ।

२६. आफुलाई प्र.अ तथा विद्यालयले तोकेको न्यनतम एउटा अतिरिक्त जिम्मेवारी लिई त्यसलाई अरुले अनुकरण गर्ने गरि अनुकरणिइ बनाई संचालन व्यवस्थापन गर्नुपर्ने शिक्षक कर्मचारीको दायित्व हुनेछ ।

२७. विद्यालयको सबै काम कारबाही कम्प्युटर इन्टरनेट सफ्टवेयर सिस्टमबाट गरि पेपर तथा ढढ्डालेस स्कुल बनाउनु विद्यालय प्रशासनको प्राथमिकताको कार्य रहनु पर्ने छ ।

२८. विद्यालयमा अनिवार्य रुपमा, सूचना पाटी , गुनासो पेटी र गुनासो अधिकारीको निर्धारण सहित गुनासो व्यवस्थापन सयन्त्र निर्माण, सूचना अधिकारीको व्यवस्था वडापत्रको व्यवस्था यो कार्यविधि लागु भएको ३ महिना भित्र भै सम्नुपर्ने छ ।

२९. विद्यालयले कुनै पनि विद्यार्थी भर्ना गर्दा जन्मदर्ता प्रमाण पत्र, भर्ना आवेदनमा अभिभावकको हस्ताक्षर, विद्यार्थीले पास गरको कक्षाको सर्टिफिकेट अनिवार्य पेश गरेपछि मात्र प्रवेश परिक्षा लिई भर्ना गर्नु पर्ने छ । तर टाढा बाट भर्ना हुन आएको वा विषेश कारणले सर्टिफिकेट ल्याउन नसकेको विद्यार्थीको हकमा निश्चित दिन भित्र सर्टिफिकेट बुझाउने कबुलियत गराई सम्वन्धित कक्षामा पढ्न सक्ने नसक्ने प्रवेश परिक्षाबाट यकिन गरी भर्ना गर्न सकिनेछ । त्यस्ता विद्यार्थीले तोकेको मितिमा भने सर्टिफिकेट बझाउनु पर्ने छ ।

३०. निःशुल्क तथा सर्वशुलभ गुणस्तरीय शिक्षाको प्रतिवद्धता कार्यान्वयन गर्ने गराउने गरि संस्थागत विद्यालयको समेत शुल्कको मापदण्ड निर्धारण गर्ने, विद्यालयले दिनुपर्ने सुविधा निर्धारण गर्ने, शिक्षक कर्मचारीको नियूक्ति र पारिश्रमिकलाई न्यायोचित हुने गरी निर्धारण गर्न लगाउने जस्ता कार्य गर्ने गराइने छ ।

## परिच्छेद -५
## (परीक्षा, मूल्याङ्कन, र अतिरिक्त क्रियाकलाप)

३१. शिक्षकले तोकेको कक्षामा हरेक पाठको अन्यमा विद्यार्थीको सिकाईको मूल्याङ्कन गरि निरन्तर मूल्याङ्कन ( CAS) अभिलेखमा जनाइ राख्नु पर्ने छ । निरन्तर मूल्याङ्कन थाति राखेर आवधिक रुपमा गर्न पाइने छैन, त्यस्तो गर्ने शिक्षकलाई कारवाही गरिने छ ।

३२. एकिकृत पाठ्यक्रम दायराको मूल्याङ्कन समेत निरन्तर मूल्याङ्कन हुने गरी नियमित गर्नुपर्ने छ ।

३३. विषय शिक्षण गर्ने शिक्षकले हरेक एकाइको अन्त्यमा एकाइ परिक्षा लिई त्यसको नतिजा र विद्यार्थीले सुधार गर्नुपर्ने पक्षको पृष्ठपोषण तत्काल दिनुपर्ने ।

३४. विद्यालयले प्रथम त्रैमासिक र अर्ध वार्षिक परीक्षा विद्यालयको आन्तरीक परीक्षाका रुपमा आफैले वा सामूहिक रुपमा मिलेर गर्ने ।

३५. सबै कक्षाको बार्षिक, आन्तरीक परीक्षा स्तरीकृत परीक्षाका रुपमा परीक्षा बोर्ड तथा नगर स्तरीय परीक्षा समितिले गर्ने ।

३६. कक्षा ३ को ल्याकत परीक्षण गर्ने विद्यालयको सहभागितामा नगर स्तरीय परीक्षा मूल्याङ्कन समितिले सबै विषयको एउटै वा एक भन्दा बढी प्रश्न पत्र बनाई परीक्षा लिई वास्तविक सिकाई उपलव्धी पत्ता लगाउन सकिने ।

३७. हरेक कक्षाका विद्यार्थीलाई विर्षिक परीक्षाको परिणाम संगै अनिवार्य रुपमा लब्धाङ्क पत्र उपलब्ध गराउने/मार्कसिट दिने ।

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

३८. विद्यार्थीको मूल्याङ्कनलाई अक्षराङ्क पद्दती र न्एब पद्दतीबाट अभिलेख गरि लब्धाङ्क पत्र (मार्कसिट) तयार पार्ने ।

३९. परीक्षामा सर्वात्कृष्ट छात्रछात्रा कुनै सिप तथा सिर्जनामा उत्कृष्ट छात्र छात्रा अनुशासनमा अनुकरणियहरु पहिचान गरि पुरस्कृत गर्ने ।

४०. परीक्षाको परीक्षा परिणाम संगै कक्षागत, विषयगत, बर्गिकृत विद्यार्थी गत सिकाई उपलब्धि र उत्तीण प्रतिशत तालिका बनाई राख्ने विश्लेषण गर्ने र परीक्षा परिणाम घोषणा भएको १५ दिन भित्र शिक्षा शाखामा पठाउने ।

४१. कक्षा १०, ११ र १२ को अन्तिम परीक्षा हुनु भन्दा कम्तिमा एक महिना अगावै वार्षिक अभ्यास परीक्षा लिइ प्राप्ताङ्कका आधारमा सुधारगर्न पृष्ठपोषण गर्ने ।

४२. विद्यालयले हरेक शुक्रबार शुक्रबारीय कार्यक्रम गर्ने, शिक्षा दिवस, साक्षरता दिवस, बाल दिवस, संविधान दिवस, वातावरण दिवस, रेडक्रस दिवस, गणतन्त्र दिवस, जस्ता दिवस उत्सव र विद्यालय स्थापना दिवस विभिन्न प्रतिभा विकासका प्रतियोगिता संचालन, प्रवचन सहित मनाउने ।

४३. विद्यालयमा विद्यार्थी नेतृत्वमा सदनको गठन, जुनियर युवा रेडक्रस सर्कल गठन, बाल क्लव गठन, वातावरण क्लव (इको क्लव) गठन, खेलकुद तथा सास्कृतीक क्लव गठन जस्ता विद्यार्थीको क्षमता विकास नेतृत्व विकास, मानवियता प्रवर्धन, नैतिकता प्रवर्धन खेल प्रवर्धन वातावरण संरक्षण, सामाजिक कुरीती हिंसा, बालविबाह नियन्त्रण, लैङ्गिक समता विकास हुने खालका अतिरिक्त क्रियाक्लाप विद्यालय तहबाटै विकास गर्दै ल्याउने ।

## परिच्छेद -६

## (पुरस्कार तथा सम्मान र दण्ड सजाय)

४४. शिक्षा युवा तथा खेलकुद शाखा मार्फत ठाकुरबाबा नगर पालिकाले हरेक बर्ष शिक्षा क्षेत्रका तपसीलका पक्षलाई पुरस्कारका लागि छनौट गर्ने निश्चित आधार तय गरि पुरस्कृत गर्ने छ ।

| | |
|---|---|
| क) नगरपालिकाको उत्कृष्ट आधारभूत विद्यालय | १ |
| ख) नगरपालिकाको उत्कृष्ट माध्यमिक विद्यालय | १ |
| ग) नगरपालिकाको उत्कृष्ट प्रधानाध्यापक | १ |
| घ) नगरपालिकाको उत्कृष्ट आधारभूत (प्रा.वि.) शिक्षक | १ |
| ङ) नगरपालिकाको उत्कृष्ट आधारभूत (नि.मा.वि.) शिक्षक | १ |
| च) नगरपालिकाको उत्कृष्ट माध्यामिक (९-१०) शिक्षक | १ |
| छ) नगरपालिकाको उत्कृष्ट माध्यामिक (११-१२) शिक्षक | १ |
| ज) नगरपालिकाको उत्कृष्ट विध्यालय व्यवस्थापन समिति | १ |
| झ) नगरपालिकाको उत्कृष्ट वि.व्य.स. अध्यक्ष | १ |
| ञ) नगरपालिकाको उत्कृष्ट विद्यालय कर्मचारी | १ |
| ट) नगरपालिकाको उत्कृष्ट खेलाडीहरु मध्येबाट | १ |
| ठ) नगरपालिकाको उत्कृष्ट खेल प्रशिक्षक वा क्लव अध्यक्ष मध्येबाट | १ |

ठाकुरबाबा नगर अनिवार्य तथा नि:शुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

ड) नगरपालिकाको उत्कृष्ट अभिभावकहरु मध्येबाट १

ढ) नगरपालिकाको उत्कृष्ट संस्थागत विद्यालय मध्येबाट १

ण) नगरपालिकाको उत्कृष्ट संस्थागत विद्यालयका शिक्षक तहगत रुपमा २

त) यसै बर्ष सेवा निवृत भएका दिर्घ सेवी शिक्षकहरु सबै

४५. पुरस्कार तथा सम्मान प्रदान गर्नेलाई प्रमाणपत्र, दोशल्ला, अविर, नगद, जिन्सी उपहार वा सो मध्ये कुनै एकबाट सम्मान गरिने छ ।

४६. प्रधानाध्यापक र शिक्षकको हकमा कार्य सम्पादन र करार सम्झौतालाई मूख्य आधार बनाई मूल्याङ्कन गर्ने र मूल्याङ्कनका आधारमा रु १०००।- देखि ५०००।- सम्म मासिक थप भत्ता वा एकमुष्ट निर्धारित रकम पुरस्कार रकम स्वरुप प्रदान गरिने छ।

४७. विद्यालयले निजि स्रोतमा रहेका र लामो समय विद्यालयमा नै अस्थायी करार सेवामा सेवा गरि उमेरको हद म्याद पुरा भएका शिक्षक कर्मचारीहरुको लामो समयको शिक्षा सेवाको कदर गर्दै नगर शिक्षक/कर्मचारी अर्थात करार सेवामा नियूक्त गर्दा २ पटक सम्मलाई उमेरको हद म्याद नलाग्ने गरि निजि स्रोतलाई नगर अनुदान कोटा वा करार सेवामा काम गर्न प्राथमिकताका साथ अवसर प्रदन गर्ने ।

४८. तोकेको कार्यसम्पादन नगर्ने, तोकेको उपलब्धि दिन असफल हुने बार्षिक लक्षित जिम्मेवारी र कार्यक्रक सम्पादन गरी राम्रो परिणाम दिन नसक्ने शिक्षक कार्मचारीलाई पहीलो पटक चेतावनी पत्रबाट सुरु गरि विभागिय कार्वाही गरिने छ र कार्य सम्पादन नै न्यून भएकालाई ठोस प्रभाव र मूल्याङ्कनका आधारमा अवकास दिई शिक्षाको गुणस्तर खस्कन नदिने ।

४९. शिक्षक, कर्मचारी, प्र.अ.,विद्यालयको कार्य सम्पादन मूल्याङ्कन गर्ने आधारहरु अनुसुचीमा उल्लेख गरिएको अनुसार हुनेछ ।

**परिच्छेद -७**

**(विविध)**

५०. यस कार्यविधिमा भएका प्रावधान नगर शिक्षा समितिको सीफारिसमा नगरि कार्यपालिकाले आवस्यकता अनुसार थप घट गर्ने र समय सापेक्ष परिमिार्जन गर्न सक्ने छ ।

५१. यस कार्यविधिका आधारमा शिक्षा शाखा, नगरशिक्षा समिति र विद्यालयहरुले निःशुल्क शिक्षा तथा शैक्षिक गुणस्तर वृद्धि गर्ने आवस्यक कार्यविधी बनाई लागु गर्न सक्ने छ ।

५२. प्रचलित ऐन कानुन संग बाझिएको हद सम्म यस कार्यविधिमा लेखिएका प्रावधान र प्रकृयाहरु निस्कृय रहने छन् ।

५३. शिक्षा युवा तथा खेलकुद शाखाले कुनै विद्यालयका शिक्षक कर्मचारीलाई काजमा झिकाई काजमा झिकाएको विद्यालयमा नगर अनुदान शिक्षक/कर्मचारी कोटा उपलब्ध गराएर तपशिलका व्यक्तिलाई तपशिलको जिम्मेवारीमा खटाउने प्रवन्ध गरी शैक्षणीक गुणस्तर वृद्धि गर्ने ।

क) खेल क्षेत्रको ज्ञाता खेलाडी वा खेल विज्ञलाई सबै विद्यालयमा पालैपालो शिक्षा शाखाले खटाएको दिन र समयमा काम गर्ने गरी शिक्षा शाखामा काजमा राखेर पठाउने ।

ख) कम्प्युटर सूचना प्रविधि तथा इन्टरनेट सञ्जालमा राम्रो दखल राख्ने शिक्षकलाई शिक्षा शाखामा काजमा झिकाई विद्यालयहरुमा पालैपालो खटाउने ।

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

ग) विज्ञान प्रयोगशालाको ज्ञाता वा ल्याव टेक्निसियनको करार नियुक्ति गरेर शिक्षा शाखामा हाजिर गराई पालैपालो खटाउने ।

घ) संगित क्षेत्रको ज्ञाता कलाकार वा विज्ञता भएको १ जना शिक्षकलाई शिक्षा शाखामा काजमा झिकाई विद्यालयमा पालैपालो खटाउने ।

ङ) शिक्षा क्षेत्रमा शिक्षण , प्रशासन, व्यवस्थापन, योजना आदि क्षेत्रमा ५ वर्ष भन्दा बढी अनुभव भएको अधिकृत स्तरको तलव सूविधा उपभोग गर्ने मा.वि शिक्षक, नि.मावि द्धितीय शिक्षक वा प्रथम तहमा कार्यरत रहेको शिक्षा शास्त्र संकायबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको व्यक्तिलाई काजमा ल्याई विद्यालय सुपरिवेक्षण गर्नको लागि सुपरिवेक्षक नियुक्ति गरेर शिक्षा शाखाले काममा खटाउने ।

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

# अनुसूची -१

## क) विद्यालयमा तहगत रुपमा जाने अनुदान रकमको बाँडफाँड ढाँचा ।

| क्र.सं. | तह/कक्षा | रकम अनुदान पाउने कक्षा/सेक्सन (वर्ग) संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नियमित कक्षा | अंग्रेजी माध्यम | थप सेक्सन कक्षा | जम्मा कक्षा | दर | कुल हुने रकम |
| १ | आधारभूत तह प्रा.वि. १-५ | १२१ | १५ | ५ | १४१ | १२,०००।- | १६,९२,०००।- |
| २ | आधारभूत तह नि.मा.वि.६-८ | ४२ | ९ | ६ | ५७ | ३०,०००।- | १७,१०,०००।- |
| ३ | माध्यमिक तह कक्षा ९-१० | १८ | ४ | १० | ३२ | ५०,०००।- | १६,००,०००।- |
| ४ | माध्यमिक तह कक्षा ११-१२ | १० | - | १० | २० | १,००,०००।- | २०,००,०००।- |
| ५ | जम्मा | १९१ | २८ | ३१ | २५० | - | ७०,०२,०००।- |

## ख) कक्षा ११ र १२ का लक्षित वर्गलाई निःशुल्क गर्न छात्रवृत्ति उपलब्धताको ढाँचा

| क्र.सं. | छात्रवृत्तिको प्रकार | अनुमानित संख्या | दर | जम्मा हुने अनुमानित रकम | प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | दलित छात्र छात्रा | १५० | ३,०००।- | ४,५०,०००।- | EIMIS मा भएको नाम प्रमाणित गरि माग गरेको आधारमा भूक्तानी |
| २ | मूक्त कमलरी | ५० | ३,०००।- | १,५०,०००।- | EIMIS मा भएको नाम प्रमाणित गरि माग गरेको आधारमा भूक्तानी |
| ३ | अपाङ्गता | ५० | ३,०००।- | १,५०,०००।- | EIMIS मा भएको नाम प्रमाणित गरि माग गरेको आधारमा भूक्तानी |
| ४ | मूक्तकमैया कार्डवालाका छोरा छोरी | १०० | ३,०००।- | ३,००,०००।- | EIMIS मा भएको नाम प्रमाणित गरि माग गरेको आधारमा भूक्तानी |
| ५ | अति विपन्न गरिव | २०० | ३,०००।- | ६,००,०००।- | EIMIS मा भएको नाम प्रमाणित गरि माग गरेको आधारमा भूक्तानी |
| | जम्मा | ५५० | | १६,५०,०००।- | |
| | | | | | |

नोट : सुकुम्वासि जेहेन्दार अभिभावक बिहिन बालवालिकाको हकमा कुल विद्यार्थीको १५% हुने गरी छानेर विद्यालयले सिफरिस गर्ने ।

## ग) निजिस्रोतमा विद्यालयले राखेका शिक्षक कर्मचारी अनुदान भुक्तानी ढाँचा

| क्र.सं. | विद्यालयको नाम | शिक्षक कर्मचारीको नाम | तह | पद | संख्या | अनुदान दर | महिना | अन्य थप सुविधा | जम्मा हुने रकम | भूक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | प्रमाणित माग फारामको आधारमा सीफारिस अनुसार भूक्तानी हुने |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**विद्यालयहरुमा निःशुल्क प्रयोजनमा जाने जम्मा रकम रु ९,६०,०००।-**

घ) अनुसूची १ को रकम विभाजन र तत्कालिन अनुमानित विद्यार्थी विवरण आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम र विद्यालय संख्या र विद्यार्थी संख्यामा आधारीत भएको हुदा अर्को बर्ष अर्थात आ.ब. २०८०/०८१ देखी फाराको ढाँचा यहि कायम रहने गरि संख्या र रकम भने तत्कालीन अवस्था र कार्यक्रम अनुसार फरक रहने अनुसार फरक रहने हुनाले सोहि अुसार सच्याएर हिसाव गर्न सकिने छ ।

# अनुसूची -२

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि २०७९

**(उत्कृष्ट विद्यालय छनौटका आधारहरु)**

१) विद्यालयको भौतिक विकास र भौतिक व्यवस्थापन

२) विद्यालयको भौतिक व्यवस्थापनमा विद्यार्थीको संलग्नता र पहुच

३) सेवा क्षेत्रका विद्यार्थीको विद्यालय भर्ना दर

४) विद्यार्थी संख्या कक्षा र सेक्सन

५) अंग्रेजी माध्यम, मातृभाषाको कक्षा संचालन

६) औषत कक्षागत तहगत र विषयगत सिकाई उपलब्धि प्रतिशत

७) अन्तिम परीक्षा कक्षा ३,५,८,१०,१२ को उर्त्तिण प्रतिशतको औशत

८) शिक्षक कर्मचारी जिम्मेवारी विभाजन र कार्य सम्पादनको अवस्था

९) आर्थिक व्यवस्थापन पक्ष

१०) विद्यालयले प्रदान गर्ने सेवाको गुणस्तर

११) बाल संरक्षण, बालमैत्रि निति निर्माण र वातावरण निर्माण

१२) विद्यालयका योजना र योजनाको कार्यान्वयनको अवस्था

१३) अतिरिक्त क्रियाकलाव संचालन, व्यवस्थापन र बहुप्रतिस्प्रधामा सफलता

१४) विद्यालयले बनाएको निति, कार्यविधि, आचारसंहिता र त्यसको पालना

१५) वि.व्य.स., शि.अ.स., सा.प.स. को गठन र सकृयता लगायत विविध अन्य पक्ष

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

## अनुसूची -३

### (शिक्षकको कार्यसम्पादन सम्झौतामा हुनुपर्ने पक्ष र शिक्षक मल्याङ्कनका आधारहरु)

१) शिक्षकका माथिल्लो शैक्षिक योग्यता र अध्ययन सिलता

२) विद्यार्थी संगको बालमैत्रि व्यवाहार र बालमैत्री कक्षा व्यवस्थापन

३) आफुले पढाउने विषयमा प्राप्त सिकाइ उपलब्धि र उर्त्तिण प्रतिशत औषत

४) न्यूनतम एक वा एक भन्दा बढी अतिरिक्त जिम्मेवारी र सम्पादन प्रगतिको अवस्था

५) कम्प्यूटर सूचना प्रविधि इमेल इन्टरनेट सामाजिक संजालमा शैक्षिक विषय वस्तु खोज्ने क्षमता र पहुच

६) कक्षा कोठामा अत्याधुनिक सूचना प्रविधि समाग्रिको प्रयोग

७) आफ्नो व्यक्तिगत आचरण समय बद्धता नियमितता र अनुसासन

८) विद्यार्थी तथा विद्यालय विकास र व्यवस्थापन प्रतिको चासो

९) विद्यार्थी शिक्षक र अन्य अभिभावक संगको सम्वन्ध

१०) जिम्मेवारी बोध र जवाफ देहिता

११) पेशा प्रतिको गर्व र निष्ठावान

१२) परीक्षा र मूल्याङ्कन सम्वन्धी ज्ञान सीप र प्रयोग

१३) विद्यालय पोशाकमा नियमितता

१४) अतिरिक्त क्रियाकलाप संचालनको सकृयता

१५) प्रधानाध्यापक तथा तहगत इन्चार्ज प्रतिको जवाफ देहिता ।

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

## अनुसूची -४

## (प्रधानाध्यापक करार संझौताका आधार र बुदाहरु तथा नमूना)

ठाकाकुरबाबानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लुम्बिनीप्रदेशबर्दिया

## विद्यालयका प्रधानाध्यापकसँग गरिएको कार्य सम्पादन सम्झौता

म श्री … … … … … …विद्यालय ठाकाकुरबाबा नगरपालिका वडा नं. … प्रधानाध्यापक श्री … … … … … … …… … … … ले उक्त विद्यालयको प्रधानाध्यापक भएको हैसियतले नगर शिक्षा, युवा तथा खेलकुद शाखातथा सम्बन्धित वडाको निकटस्थ रही शैक्षिकवर्ष २०७९ मा देहायका कार्यहरु गर्नेछु भनी ठाकाकुरबाबा नगरपालिका नगर प्रमुख समक्ष यो करार सम्झौतापत्रमा हस्ताक्षर गरी नगरपालिका समक्ष पेश गरेको छु। इति सम्बत २०.... साल ................ … गते रोज ................ शुभम् ।

**देहायः**

१) सबै कक्षाको विद्यार्थीको उत्तीर्ण प्रतिशत र औसत सिकाइ उपलब्धिलाई गत शैक्षिकवर्षको तुलनामा ५ देखि १० प्रतिशतले वृद्धि गर्नेछु ।

२)विद्यालयमा कार्यरत शिक्षकहरुको हरेक महिनाकम्तिमा ५ वटा कक्षा शिक्षण अवलोकन गरी गराई पृष्ठपोषण सहितअभिलेखीकरण गर्नेछु ।

३) नगरपालिका मा हुने प्रधानाध्यापक बैठकका निर्णयहरु आफ्नो विद्यालयमा प्रभावकारी कार्यान्वयन गर्न शिक्षक स्टाफ ,वि.व्य.स, शिक्षक अभिभावक संघ र अभिभावककहरुसँग छलफल गर्नेछु साथै विद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रमहरुको अनगुमन तथा व्यवस्थित अभिलेखीकरण गर्नेछु ।

४) विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी तथा अन्य विविधपक्षसँग सम्बधित तथ्याङ्क अद्यावधिक गरी सबैले देख्ने गरी राख्नकुा साथै विद्यालयको शैक्षिक तथ्याङ्क IEMIS तोकिएको समयभित्र नियमित रुपमा अद्यावधिक गर्नेछु ।

५) हरेक महिनाको अन्त्यमा शिक्षक स्टाफ बैठक सञ्चालन गरी शैक्षिक गुणस्तर वृद्धिका लागि ( सिकाइ उपलब्धि समेत) प्रत्येक शिक्षकले गरेका कार्यहरुको समीक्षा गर्नेछु । साथै कुनै शिक्षक तालिमवा कुनै कार्यक्रमबाट फर्केर आए पछि छोटो Sharing कार्यक्रम गर्ने गराउनेछु।

६) राष्ट्रिय प्रारम्भिक कक्षा पठन सीप प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमाकक्षा शिक्षणमा लागू गर्नेछु ।

७) विद्यालय सेवा क्षेत्रभित्रका विद्यालय बाहिर रहका बालबालिकाहरु लाई विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाउनुका साथै यस कार्यमा कुनै बालबालिकालाई थप सहयोगको आवश्यकता परेमा नगरपालिका र विभिन्न संघसंस्था सँग समन्वय गर्नेछु

८) वर्षको एक पटक विद्यालयका सम्पूर्ण गतिविधिहरु लाई सरोकारवालाहरूको आम भेलाबो लाई सार्वजनिक गर्ने विद्यालयको सामाजिक परीक्षण गर्ने र समयमै लेखा परीक्षण गराउने छु ।

९) शैक्षिकवर्ष २०७९ को अवस्थालाई आधारमानी सरोकारवालाहरूको राय सुझाव लिएर विद्यालय सुधार योजना (SIP) अद्यावधिक गरी कार्यान्वयनगर्ने गराउने छु ।

१०) पाठ्यक्रमले तोकेको वार्षिक र साप्ताहिक पाठ्य घण्टा ( Credit hour ) नघट्ने गरी शुक्रबारको दिन २ बजेसम्म पठनपाठन गर्ने र विद्यार्थी एवं शिक्षकको नेतृत्वमा विद्यालयको अतिरिक्त क्रियाकलाप योजना अन्तर्गत विभिन्न अतिरिक्त क्रियाकलाप संचालन गर्ने , विशेषगरी विद्यार्थीको चौतर्फी विकासमा ध्यान दिनेछु ।

११) शिक्षक ले आलोपालो मिलाइ विद्यार्थीलाई दैनिक विद्यालयमा स्वागत गर्ने र प्रत्येक विद्यार्थीलाई नामले नै चिन्ने बोलाउने वातावरण सिर्जना गर्नुका साथै विद्यार्थी हाजिरी पुस्तिकाको पूर्णरुपले प्रयोग गर्ने गराउने छु ।

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्यविधि,२०७९

१२) विद्यालयमा रेडक्रस, स्काउट,बालक्लब र इकोक्लब आदिका गतिविधिहरुलाई नियमितरुपमा सञ्चालन गरी विद्यालयको समग्र वातावरणलाई व्यवस्थित अनुशासित स्वच्छ, सिकाइमैत्री, शान्तिपूर्ण र हरियाली युक्त बनाउनेछु साथै विद्यालयमा उपलब्ध शौचालयलाई नियमित रूपमा सरसफाइ गरी गराई व्यवस्थापन गर्नेछु ।

१३) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको स्वीकृति बिना कुनै पनि शिक्षक कर्मचारीलाई सरकारी एवं गैरसरकारी निकायले आमन्त्रण गरेको तालिमगोष्ठी आदिमा सहभागीहुन पठाइने छैन ।

१४) विद्यार्थीलाई विद्यालयमा नियमितगर्ने, विद्यालयमा अनुपस्थित हुने विद्यार्थीको खोजीगर्ने र अनुपस्थितिको कारण पत्तालगाई समस्या समाधानगर्न पहलगरि सोको अभिलेख राख्नेछु ।

१५) प्रचलित संघीय तथा स्थानीय शिक्षा ऐन नियमावली तथा कार्यविधिमा भएको व्यवस्था एवं नगरपालिकाको परिपत्र अनुसार शिक्षकले अनुमतिन दिई अन्यत्र कार्य नगर्ने प्रावधानलाई पुण रुपमा कार्यान्वय नगर्ने गराउने छु ।

१६) हरेक परीक्षापछि प्रत्येक शिक्षकले आफ्नो विषयमा विद्यार्थीले प्राप्त गरेको शैक्षिक उपलब्धि विशेषगरी सोहीअनुसार सिकाइ उपलब्धि वृत्ति योजना PLAS बनाइ कार्यान्वियन गर्ने गराउने छु

१७) शिक्षकले दैनिक पाठ योजनाबनाउने, शिक्षक डायरी अनिवार्य रुपमा प्रयोगमा ल्याउने र हरेक शिक्षकले अनिवार्य रूपमा आफ्नो विषयको पाठ्यक्रम लगायत शिक्षक निर्देशिका र सन्दर्भ सामग्री आफूसँग राखी प्रयोग गर्ने वातावरणको सिर्जना गर्नेछु ।

१८) विद्यालयमा सुझाव पेटिका राख्ने , एक जना महिला शिक्षकलाइ लैङ्गिक सम्पर्क व्यक्ति Focal Person अन्य एक जना शिक्षकलाई स्वास्थ्य Focal person र विद्यालयको सूचना अधिकारी समेत तोकी प्रत्येक शिक्षकको कार्य विभाजन गरेर विद्यालयमा अपाङ्ग मैत्री र लैङ्गिक मैत्री वातावरण सिर्जना गर्ने छु ।

१९) शैक्षिक सुधारका लागिआधुनिक सूचना प्रविधिको प्रयोगमा जोड दिने , विद्यालयमा उपलब्ध computer laptop projector smartboard आदिलाई चालु अवस्थामा राख्ने ,विद्यालयमा इन्टरनेटको व्यवस्था गर्ने र विद्यार्थीहरुलाई सरल र रमाइलो तरिकाले शिक्षण गर्नका लागि हरेक शिक्षकले शिक्षण सिकाइसँग सम्बन्धित सामग्रीहरूको खोजी गरी प्रयोग गर्ने गराउने वातावरण सिर्जना गर्नेछु ।

२०) विद्यालय परिसर भित्रधुमपान , मद्यपान, सुर्तीजन्यपदार्थ र बालबालिकाहरुको स्वास्थ्यमा हानी पुऱ्याउने कुनै पनि अखाद्य वा पत्रुखाना (Junk Food) को प्रयोगलाई निषेध गर्ने र विद्यालयमा लागू भएको दिवा खाजालाई नगरपालिकासँग गरेको सम्झौताअनुसार गराउनेछु

२१) विद्यालयमा सरोकारवाालाहरुको सहयोग र सहभागितामा शिक्षक , कर्मचारी, विद्यार्थी र विव्यसको आचारिंहिता निर्माण गरी कार्यान्वयनगर्ने गराउनेछु ।

२२) विद्यालयमा सरोकारवालाहरूको सहयोग र सहभागितामा शिक्षक ,कर्मचारी ,विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र अभिभावकको आचार संहिता निर्माण गरी कार्यान्वयनगर्ने गराउने छु ।

२३) विद्यालयले सञ्चालन गर्ने सांस्कृति ककार्यक्रमहरुमा बालबालिकाका लागि अनुपयुक्त र छाडा संस्कृति झल्कने गीत संगीतको सट्टा राष्ट्रिय भावना, अखंडता, लोक संस्कृति ,बालमनोविज्ञान , शिक्षण क्रियाकलाप र शैक्षिक जागरणमा अभिवृद्धिगर्ने खालका गीत संगीतलाई प्रयोगमा ल्याइने।

२४) पूर्व प्राथमिक कक्षालाई विशेष महत्व दिई शैक्षिक सामग्री निर्माण, भित्ते लेखन, सिकाइकुना ( Learning Corner) ,कक्षा कोठा व्यवस्थापन, बाल मैत्री वातावरण तथा विद्यालयमा भएको सबैभन्दा राम्रो नमुना कक्षाकोठाको रूपमा व्यवस्थापन गर्नेछु ।

२५) विद्यालयका कक्षा कोठालाई सिकाइ केन्द्रको (spacious learning center )रुपमा विकसित गरी प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप का लागि उपयुक्त र स्रोतपूर्ण ( Resourceful ) कक्षा कोठाको रुपमा व्यवस्थित गर्नेछु।

२६) विद्यालयको चौर तथा मैदानलाई बगैचामा परिवर्तन गर्ने र हरित विद्यालय ( Green School ) को अवधारणालाई कार्यान्वयनगर्ने गराउने छु ।

२७) विद्यालयका सम्पूर्ण शिक्षककर्मचारी तथा विद्यार्थीको नियम अनुसारको पोशाकको व्यवस्था गरी एक रुपता काम गर्नेछु ।

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९

२८) विद्यालयका सम्पूर्ण शिक्षकहरूको हातमा विषयगत सिकाइ सामग्री ,पाठ्यक्रम ,शिक्षक निर्देशिका तथा पाठ्यपुस्तकको व्यवस्था गरी परम्परागत शिक्षक केन्द्रित पठनपाठन प्रक्रियालाई न्यून गर्दै सिकारु तथासिकाइ केन्द्रित ( Learner and learning centered ) वातावरणको सिर्जना गर्ने गराउनेछु ।

२९) शिक्षक को पेशागत विकास तथानिरन्तर सिकाइको वातावरण सुनिश्चित गर्न आवश्यक शिक्षक सहायता संयन्त्र निर्माण गर्ने गराउनेछु ।

३०) माथि उल्लिखित सम्झौतामा आधारित बुदा अनुसार कार्य गर्न म प्रतिबद्ध छु र सो अनुसार कार्यान्वयनगर्न गराउन नसकेमा नगरपालिकाले नियमानुसार गर्ने कारवाही भोग्न म मन्जुर छु ।

३१) यसै सम्झौतामा आधारित रही आफ्नो विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुसँग कार्य सम्झौता गराई तदनुरुपको प्रतिवेदन र माथिका बुँदाहरुको कार्यान्वयनको अवस्था समेटिएको प्रतिवेदन तयार गरी प्रत्येक चौमासिकमा नगरपालिकामा पेश गर्नेछु ।

**कार्य सम्झौतागर्ने**

शिक्षाशाखाप्रमुखको

नाम थर :- सिताकुमारी भण्डारी

दस्तखत :-

मिति :-

प्रधानाध्यापकको

नाम थर :-

दस्तखत :-

मिति :-

**रोहवर**

प्रमुख प्रशासकीय अधिकृतको

नाम थर :-रामहरी रिजाल

दस्तखत :-

मिति :-

नगर प्रमखको

नाम/ थर :- तिलक रामलम्साल

दस्तखत :-

मिति :-

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगर अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा कार्यान्वयन कार्यविधि, २०७९